इच्छाकामना गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

सार्वजनिक निजी साझेदारी अवधारणा अनुसारको फोहरमैला व्यवस्थापन तथा सेवाशुल्क सङ्कलन सम्बन्धी

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०७६/०८/२६)

सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार यस इच्छाकामना गाउँपालिकाको मोवा खोलादेखि रिद्धी खोलासम्मको घरदैलो, पसल, होटल,व्यवसायिक प्रतिष्ठान, कार्यालयबाट निस्कने फोहर, सडक सफाई र सार्वजनिक स्थलको सफाईबाट निस्कने फोहरको संकलन, ढुवानी र विसर्जन तथा सेवा शुल्क उठाई गाउँपालिकाको खातामा जम्मा गर्ने कार्य आ.व. २०७६/०७७ को लागि निजी साझेदारहरू छनौट गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरूबाट यो सूचना फाराम वोलपत्रमा उल्लेखित शर्तका अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ ।

**शर्तहरु-**:

१.सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातको सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन ( मिति २०७६/०९/१० गते) भित्र चालु आ.व.को लागि नवीकरण गरेको इजाजत पत्र, आयकर दर्ता पमाण पत्र एवं मु.अ.कर(भ्याट) दर्ता प्र.पत्र, आन्तरिक राजस्व विभागबाट प्राप्त कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी निवेदन साथ रु १०००-। (एक हजार रुपैंयादस्तुर फिर्ता नहुने) तिरी यस गाउँपालिका कार्यालयको योजना शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ । -

२. खरिद भएको सिलबन्दी दरभाउपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन ( मिति २०७६/०९/११ गते) दिनको १२ वजेभित्र यस इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको नाममा सम्बोधन गरी खामको बाहिर सिलबन्दी फोहरमैला व्यवस्थापन तथा सेवा शुल्क सङ्कलनको लागि साझेदार छनौटको वोलपत्र भनी पेश गर्ने, फर्म वा कम्पनीको नाम र ठेगाना स्पष्ट लेखी छाप लगाई सिलछाप गरी यस कार्यालयमा दर्ता गराउनु पर्ने छ । अन्यथा बोलपत्रमान्य हुनेछैन । साथै सोही दिन दिनको २:०० वजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बोलपत्र खोलिनेछ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पुग्नेछैन ।

३. सिलबन्दी दरभाउपत्र खरीद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४. सिलबन्दी दरभाउपत्रसाथ बोलपत्रदाताले आफुले कवोल गरेको पहिलो आ.व.को कुल( ५(पाँच) प्रतिशतले हुन आउने रकमको बोलपत्र जमानत (बीड वण्ड) वापत यस इच्छाकामना गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको नाममा रहेको श्री ग्लोबल आइएमई बैक, कुरिनटारको धरौटी खाता नं.- C ४०१०१०००००२१

खातामा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको पक्षबाट बोलपत्र दाखिला गर्ने अन्तिम दिनबाट न्युनतम १२० दिनम्याद राखि जारी गरिएको क श्रेणीको वाणिज्य बैंकको जमानीपत्र (विडवण्ड) संलग्न हुनु पर्नेछ।

५. स्वीकृत बोलपत्रदाताले सम्झौता गर्नु पुर्वकार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) वापत सम्बन्धित आ.व.को स्वीकृत कवोल अंकको ५ (पाँच) प्रतिशतले हुन आउने रकम माथि उल्लेखित खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको पक्षमा जारी गरिएको (क) श्रेणीको वाणिज्य बैंकको जमानीपत्र पेश गर्नु पर्नेछ। यसरी नै प्रत्येक आ.व.को लागि कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड)को नवीकरण गर्नु पर्नेछ।

६. बोलपत्रदाताले बोलपत्र पेश गर्दा प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै राखी गोप्यखाममा शिलवन्दी गरी पेश गर्नु पर्नेछ। यस बाहेक अन्य तरिका बाट पेश हुनआएको बोलपत्र मान्य हुने छैन। प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरूको मात्र आर्थिक प्रस्ताव खोलिनेछ।

७. सिलबन्दी दरभाउपत्र फारम भर्दा अंक अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ। केरमेट भएको ठाउँमा सही छाप हुनु पर्नेछ। रित नपुगेको तथा समयमा प्राप्त नभएको बोलपत्रउपर कुनै कार्यवाही हुनेछैन। प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

८. सिलबन्दी दरभाउपत्र सम्बन्धी विस्तृत छलफलका लागि सूचना प्रकाशित भएको मितिले १६ औ दिन वा उक्त दिन सार्वजनिक विदा परेको खण्डमा लगत्तै कार्यालय खुलेको दिन ठिक १.०० वजे Pre bid Meeting राखिनेछ।

९.सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरीद ऐन,२०६३ नियमावली, २०६४, एवं प्रचलित कानून बमोजिम हुनेछ।

१०. सेवा शुल्क वापत उठने सम्पूर्ण रकम ब्यक्ति, फर्म वा कम्पनीलाई उपलब्ध गराईने हुँदा सोही रकमलाई इष्टिमेटेड रकम मानिएको छ।

११. थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। साथै यस गाउँ कार्यापालिका कार्यालयको वेवसाईट www.ichchhakamanamun.gov.np बाट download गर्न सकिनेछ

| बोलपत्र नं. | कामको विवरण | धरौटी रकम | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १४/०७६।७७ | मोवाखोला देखी रिद्धी खोलासम्मको घरदैलो, पसल, शैक्षिक संस्था कार्यालय, सडक सफाई र सार्वजनिक स्थलको सफाईबाट निस्कने फोहरमैलाको संकलन, ढुवानी र विसर्जन लगायत समग्र फोहरमैला ब्यवस्थापन तथा गाउँसभाले तोकेको सेवा शुल्क संकलन | आफुले कबोल गरेको पहिलो आ.ब.को रकमको ५( पाँच) प्रतिशत | रु.१०००। | |